# बेनी नगरपालिका
## नगर कार्यपालिकाको बैठक
## वि.सं. २०८१।०३।१७
## ने.सं. ११४४ तछलागा: दशमी, सोमबार

**निर्णयहरु:**

१. चालू आर्थिक वर्षका योजना तथा कार्यक्रमहरुको भुक्तानी तथा कार्यान्वयन अवस्थाको समीक्षा भयो। चालू आर्थिक वर्षमा कार्यान्वयन भई भुक्तानी लिन बाँकी योजना तथा कार्यक्रमहरूको भुक्तानीका लागि सबै वडा कार्यालय तथा शाखाहरूले यथाशक्य छिटो नियमानुसारका कागजातहरू पेस गरी भुक्तानी लिने/ दिने।

२. चालू आर्थिक वर्षमा ठेक्का सम्झौता भएका देहायबमोजिमका आयोजनाहरूको देहायबमोजिम म्याद थप गर्ने।

देहाय

आयोजनाको विवरण

| क्र.सं. | आयोजनाको नाम | म्याद थप हुने अवधी | कैफियत |
|---|---|---|---|
| १ | जामुनखर्क माध्यमिक विद्यालय भौतिक निर्माण | २०८१ साल पुस मसान्तसम्म | |
| २ | बेनी अर्थुङ्गे तोरीपानी सडक | २०८१ साल असार २५ गतेसम्म | |
| ३ | पुलाडाँडा पुरूण्डे खानेपानी आयोजना | २०८१ साल असार २५ गतेसम्म | |

३. निर्णय नंबर २, देहायको खण्ड १ बमोजिमको जामुनखर्क माध्यमिक विद्यालयको बाँकी भौतिक निर्माणको कार्यका लागि विनियोजित बजेट कार्यक्रम कार्यान्वयन पुस्तिकाले दिएको अधिकार प्रयोग गरी सम्बन्धित विद्यालयमा नै पठाउने र बैंक खातामा उक्त रकम रोक्का गर्ने, आयोजनाको काम समाप्त भएपश्चात मात्र निर्माण कार्यको प्राविधिक बिलबमोजिमको रकम विद्यालयले निर्माण व्यवसायीलाई भुक्तानी गर्न मिल्ने प्रवन्ध मिलाउने।

४. पूर्व नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ र यस कार्यालयबाट सेवा करार समाप्त भई अवकाश भएका कर्मचारी युवराज आचार्य र ज्ञानेन्द्र के.सी.ले नगर कार्यपालिकाको कार्यालयसमेतलाई विपक्षी बनाई उच्च अदालत पोखरा, बागलूङ इजलास, बागलुङमा दायर गरेका छुट्टाछुट्टै मुद्दाहरू कार्यालयको तर्फबाट प्रतिरक्षा गरेबापत वकिल श्री ठरबहादुर भण्डारीलाई पारिश्रमिक स्वरूप रूपैया पचपन्न हजार भुक्तानी दिने। सो रकम चालू आर्थिक वर्षको कर्मचारी तलबभत्ता वा पदाधिकारी सुविधा शीर्षकबाट खर्च लेख्ने।

५. भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वतले यस नगरपालिकाका कृषकहरूको लागि पन्ध्रहजार गोटा घाँसका बिरूवाहरू उत्पादन गरेकोमा प्रति गोटा बिरूवा रूपैयाँ दशका दरले हुन आउने कूल रकम रूपैयाँ

एक लाख पचास हजार भुक्तानी दिने र ती विरूवाहरू यस नगरपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयबाट सिफारिस भई आएबमोजिम कृषकहरूलाई उपलब्ध गराउने। उल्लिखित रकम चालू आर्थिक वर्षको कर्मचारी तलब वा पदाधिकारी सुविधा शीर्षकबाट खर्च लेख्ने।

६. यस कार्यालयले चालू आर्थिक वर्षका ठेक्का निकालेको स्थानीय पाठ्यपुस्तकको छपाई कार्यका लागि ठेक्का आवेदन गर्दा जम्मा गर्नुपर्ने धरौटी रकम कालीगण्डकी छापाखाना फर्मले धरौटी खातामा जम्मा गर्नुपर्नेमा भूलवशः आन्तरिक राजस्व खातामा जम्मा गरेकाले खाता फरक परेतापनि सो धरौटी रकम सम्बन्धित फर्मलाई फिर्ता दिने।

७. आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम निर्माण गर्ने क्रममा भएका वडास्तरीय बस्तीस्तरका योजना तर्जूमा गोष्ठीमा चिया खर्च वापत प्रत्येक वडालाई बढीमा रूपैयाँ तीसहजार भुक्तानी दिने पूर्व बैठकको निर्णयबमोजिम उक्त रकम चालू वर्षको कर्मचारी तलबभत्ता/ पदाधिकारी अन्य सुविधा शीर्षकबाट भुक्तानी दिने।

८. नगर कार्यपालिकाको कार्यालय, सिंगा चिस्यान केन्द्र, बेनी मञ्चनेरको बसपार्क समेतमा जडान भएका सिसि क्यामराको रकम चालू आर्थिक वर्षको मसलन्द तथा कार्यालय सामग्री शीर्षकबाट भुक्तानी दिने।

९. यस वर्षको अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ साल असार महिनाको ३१ गते सोमबार र वार्षिक समीक्षा कार्यक्रम आगामी आर्थिक वर्षको साउन महीनामा गर्ने।

१०. राजस्व शाखाका कर्मचारीहरूलाई अतिरिक्त काम गरेवापतको प्रोत्साहन रकम चालू आर्थिक वर्षको पदाधिकारी अन्य सुविधा शीर्षकबाट भुक्तानी दिने। भुक्तानी गर्दा अतिरिक्त समय काम गरेको पुस्ट्याई र औचित्यका आधारमा गर्ने।

११. वडा नं. ८ मा घर नंबर टाँस्नको लागि वडा कार्यालयले खटाएका स्वयम् सेवकहरूलाई वडा कार्यालयको सिफारिसमा दैनिक रूपैयाँ एक हजारका दरले हुन आउने नियमानुसारको रकम सोही वडाको चालू वर्षको बजार व्यवस्थापन शीर्षकबाट भुक्तानी दिने।

१२. पशुसेवा तर्फ वडा नं. २ र ९ मा रहेका प्राविधिक कर्मचारीहरूको करार अवधी यसै चालू आर्थिक वर्षको असार महीनामा समाप्त हुने हुँदा निजहरूलाई अर्को निर्णय नभएसम्मको लागि करार अवधी थप नगर्ने। सोको जानकारी सम्बन्धित कर्मचारीहरूलाई दिने।

१३. आगामी आर्थिक वर्षमा पञ्जीकरण तथा सामाजिक सुरक्षातर्फ कार्यरत एम.आइ.एस अपरेटरहरूमध्ये एक जनाको लागि मात्र तलबभत्ता सशर्त अनुदानमार्फत् प्राप्त भएकाले यस कार्यालय अन्तर्गत कार्यरत दुईजना एम.आइ.एस. अपरेटरहरूमध्ये एकजनाको करार सम्झौता अन्त्य गर्ने।

१४. नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गत कार्यरत अन्य करारका कर्मचारीहरूको म्याद थप सम्बन्धमा सम्बन्धित कर्मचारीको कार्यसम्पादनको स्तर, उपलब्ध बजेट, औचित्य र आवश्यकताका आधारमा निजहरूबाट निवेदन माग गरी कार्यालयको निर्णयानुसार आगामी आर्थिक वर्षको बढीमा छ महीनाको लागि म्याद थप गर्ने। वडामा कार्यरत सबै करारका कर्मचारीहरूको म्याद थपको विवरण र कार्यविवरणसमेत सम्बन्धित वडामा पठाउने।

१५. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगसमेतमा नगर कार्यपालिकाको कार्यालयले सम्झौता गरेका र कार्यपालिकाको सदस्यहरूको बैठकमा प्रस्तुतिकरण भई दिइएका राय सुझावहरू संलग्न गरी अन्तिम प्रतिवेदन तयार भईआएका देहायबमोजिमका सेवा परामर्श कार्यहरूको नियमानुसार भुक्तानी गर्ने ।

देहाय

परामर्श कार्यको विवरण

१. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक र प्राविधिक सहयोगमा तयार भएको बेनी नगरपालिकाको राजस्व सुधार योजना
२. गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक र प्राविधिक सहयोगमा तयार भएको बेनी नगरपालिकाको क्षमता विकास योजना
३. शान्तिपार्क निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन
४. सिंगा जलविहारका लागि ड्याम निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन
५. कोटोसाँघु खेलमैदान निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन
६. ज्यामरुककोट मन्दिर निर्माण आयोजनाको विस्तृत परियोजना प्रतिवेदन
७. गलेश्वर ढोल्ठान पर्यटन पदमार्ग र ढोल्ठान दरबार पूर्वाधार निर्माण आयोजना

१६. महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नंबर १३२५ र १८२० को कार्ययोजना कार्यान्वयन सम्बन्धमा यस नगरपालिकामा देहायबमोजिमको स्थानीय तह कार्ययोजना कार्यान्वयन समिति गठन गर्नेः

देहाय

| | |
|---|---|
| १. नगर प्रमुख | संयोजक |
| २. नगर उपप्रमुख | सह-संयोजक |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. कार्यपालिकाका सदस्य (सबै) | सदस्य |
| ५. स्वास्थ्य, शिक्षा र प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. महिला वालवालिका शाखा प्रमुख | सदस्य सचिव |

१७. बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २२ को उपदफा (२) मा देहायबमोजिम संशोधन गर्नेः

देहाय

बेनी नगरपालिकाको खानेपानी तथा जलश्रोत उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २२ को उपदफा (२) मा रहेको यो कार्यविधि लागू भएको मितिदेखि तीन महिनाभित्र भन्ने वाक्यांशको सट्टा विक्रम संवत् २०८१ साल कार्तिक महिनाको मसान्तसम्म भन्ने वाक्यांश राख्ने ।

-0-